# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम

# लेकम गाउँपालिका

## दार्चुला जिल्ला

## सुदुरपश्चिम प्रदेश

**प्रस्तुत कर्ता**

**परमानन्द जोशी**

गाउँपालिका अध्यक्ष

मितिः-२०७८।०३।१२

सम्पुर्ण गाउँ सभा सदस्यहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरु

१. समग्र बिश्व मानव समुदाय कोभिड १९(कोरोना भाइरस) को दोस्रो लहरको महामारीबाट आक्रान्त भइरहेको चुनौतिपुर्ण र असहज अवस्थामा आज यस लेकम गाउँपालिकाको आ.ब.२०७८।०७९ को आठौं गाउँ सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२. विगतमा भएका विभिन्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्दासुमन अर्पण गर्दछु । राजनैतिक आन्दोलनमा बेपत्ता भएका नागरिक र घाइते योद्दाहरु प्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु साथै सामाजिक, राजनीतिक परिवर्तमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सम्पुर्ण अग्रजहरु प्रति आभार प्रकट गर्न चाहन्छु । साथै कोरोना भाइरस कोभिड १९ दोस्रो लहरको महामारीको कारण देश तथा विदेशमा दिवङ्गत हुनुहुने सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरु प्रति हार्दिक श्रदा सुमन अर्पण गर्दछु र उपचाररत सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. कोभिड १९ को दोस्रो लहरको महामारीको संक्रमण नियन्त्रण तथा न्युनिकरणका लागी दिनरात प्रत्यक्ष उपचार तथा समग्र व्यवस्थापनमा खटिरहनु भएका सम्पुर्ण स्वास्थ्य कर्मी ,सुरक्षा कर्मी,व्यवस्थापकिय पक्षमा खटिरहनु भएका कर्मचारीहरु तथा कोरोना भाइरस बिरुद्वको अभियानमा सहकार्य र सहयोग गर्नु हुने सम्पुर्ण स्थानिय तहका जनप्रतिनिधिहरु ,राजनितिकर्मिहरु,निजि क्षेत्र,संघ संस्था,नागरिक समाज,संचार जगत लगायत व्यापारी ,बुद्धिजीवी तथा लेकमवासी आम जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु ।

सम्पूर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु,
अब म आ.ब.०७७|७८ मा घोषित नीति तथा कार्यक्रमहरुका उपलब्धीहरुको बारेमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

४. लेकम गाउँपालिकाको केन्द्र नेपाल राजपत्रमा  लेकम ४ राताामाटा तोकिएकोमा, उक्त स्थानमा प्रशासकीय भवन निर्माणको लागि बोलपत्र समेत आह्वान भइसकेको छ ।

५. लेकम गाउँपालिकाको विकासको मेरुदण्ड सडक विस्तारको कार्य तिव्रताका साथ अगाडी बढी रहेको छ,हाल सम्म वडा नम्बर ०१,०४,०५ र ०६ को केन्द्रमा सडक पुगिसकेको छ ।
६. ग्रामिण विद्दुतिकरण विस्तारका लागि गत आ.व.मा गाउँपालिकाबाट विनियोजित बजेटको ठेक्का भइ कार्यान्वयनको अन्तिम चरणमा रहेको छ ।
७. कैनोडा-राताामाटा, विटोरा र कुशकडाँमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँगको सझेदारीमा सञ्चालित लिफ्टिङ खानेपानी योजना निर्माण अन्तिम चरणमा रहेको ।

८. सिगौं विश्व नै कोरोना भाइरस कोभिड १९ को दोस्रो लहर संग जुधिरहेको वर्तमान अवस्थामा लेकम गाउँपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मी र सुरक्षाकर्मी लाई पूर्ण खोप र ८६१ पुरुष र ८५७ महिला गरी जम्मा १७१८ जनालाई पहिलो डोजको कोरोना खोप दिइएको छ ।

सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु
अब म लेकम गाउँपालिकाको आ.ब.२०७८|०७९ को निति तथा कार्यक्रमहरु यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

९. आ.ब. २०७८|०७९ को संघिय सरकार र सुदूरपश्चिम प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम, वार्षिक बजेट र पन्ध्रौं योजना सँग तादाम्यता एवं सन्तुलन

कायम हुने गरि र गत आ.ब.का बजेटमा भएका कमि कमजोरीहरु मध्यनजर गर्दै यस आ.ब.२०७८|०७९ का लागि नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

१०.संघीय सरकार, सुदुरपश्चिम प्रदेश सरकार र आन्तरिक आम्दानीबाट प्राप्त वित्तीय श्रोतलाइ ६ वटै वडाहरुमा भौगोलिक विकटता, जनसंख्या, आवश्यकता, समावेशिता, समन्यायिक एवम समानुपातिक रुपमा वितरण गरिनेछ ।

११.गाउँपालिकाको समग्र विकासका लागि सार्वजनिक, निजि र सहकारी क्षेत्रलाइ समृदीको सम्वाहकको रुपमा लिइ यी क्षेत्र बिचको सहकार्य र साझेदारीलाइ थप बलियो एवम प्रभावकारी बनाइनेछ ।

१२.चालु खर्चमा मितव्ययिता अपनाई पूँजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिइनेछ ।

## क)आर्थिक विकास तर्फ

**"कृषि नै लेकम गाउँपालिकाको समृद्धी"** भन्ने मूल नाराका साथ कृषि लाई प्राथमिकताका साथ अवलम्बन गर्नको लागि कृषि क्षेत्र तर्फ तपसिल बमोजिमका निति कार्यक्रमहरु कार्यान्वयमा ल्याईनेछ ।

१३. गाउँपालिकाको कृषि नीति जारी गरी कृषि व्यवसायको व्यवसायिकिकरण, आधुनिकिकरण र यान्त्रिकिकरण तर्फ जोड दिइनेछ ।

१४.कृषि लाई व्यवसायिकरण गर्दै गरिबी निवारणमा सहयोग पुग्ने कार्यक्रमहरु, युवा लक्षित कार्यक्रमहरु,एकल महिला लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१५.विपन्न वर्ग,महिला र दलित बर्गबाट कृषि उद्धम स्थापना संचालन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।

१६.बाली बस्तुको उत्पादन वृद्वी गर्नका लागी उन्नत तथा श्रोत बिउविजन ५० प्रतिशत अनुदानमा कृषकहरु लाई वितरण गरिनेछ ।

१७.व्यवसायिक रुपमा तरकारी,फलफुल व्यवसाय गर्ने कृषकहरुलाई अनुदानमा बिउविजन उपलब्ध गराइनेछ । साथै टर्कीको ओखर ,स्थानिय ओखर,आँप ,सुन्तला,अनार,अलैची ,नगदी बाली र  फलफुलको खेती गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१८.कृषक ,कृषक समुह,सहकारी तथा सरोकारवालाको अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

१९.कृषकहरुको मागको आधारमा अनुदानमा  फलफुल तथा पुष्प नर्सरी स्थापना गरिनेछ ।

२०.कृषियोग्य भुमीको पुर्ण उपयोग सुनिश्चित गर्नको लागी गाउँपालिका स्तरका कुनैपनी कृषि योग्य जमिन बाँझो राख्न दिइने छैन । बाँझो जमिनमा खेती गर्न चाहने किसान लाई उत्पादनको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

२१.कृषि प्रसार कार्यक्रममा सहजिकरण गर्नको लागी प्रत्येक वडा कार्यालयहरुमा कृषि प्राविधिक जनशक्तीको व्यवस्था गरिनेछ ।

२२.लेकम गाउँपालिका लाई तरकारी खेतीमा आकर्षित गर्नको लागी कृषकहरु लाई अनुदानमा फलामे संरचना सहितका फलामे पोलिहाउसको व्यवस्था गरिनेछ ।

२३.कृषिमा आधुनिकिकरण गर्नका लागी कृषि यन्त्रवितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालनमा ल्याईनेछ ।

२४.एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम लाई केन्द्र सरकारको निति अनुरुप स्थानिय सरकारले समेत सहभागिता जनाई कार्यक्रम सञ्चालनमा सहजता जनाईनेछ ।

२५.आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२६.गरिबी निवारण कोष द्वारा प्रवर्दित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थाका रुपमा विकास गरि रोजगारी सृजना गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।

२७. "पशुजन्य (दुग्ध, मासु,अण्डा )उत्पादनमा वृद्धि, आर्थिक उपार्जन सहितको समृद्धि" भन्ने नाराका साथगाउँपालिकालाई ३ वर्ष भित्रमा दुग्ध मासु ,अण्डा मा आत्मनिर्भर बनाउन विशेष कार्यक्रमलाई प्राथमिकता दिइनेछ । साथै वायो प्लक सिस्टममा माछा पालनको आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

२८. व्यवसायिक किसान लाई टेवा पुर्याउने उद्देश्य अनुरुप प्रविधि हस्तान्तरण कार्यक्रम लागु गरिनेछ ।

२९. विदेशबाट फर्केका तथा विरोजगार रहेका युवाहरुलाई सम्मानित कृषि पेशामा आवद्व गर्नको लागी ५० % अनुदानमा बाख्रा पालन कुखुरापालन तथा टर्की पालनको लागी विशेष कार्यक्रम संचालनमा ल्याइनेछ ।

३०. व्यवसायिक किसान लाई प्रोत्साहनका लागी किसान सम्मानित कार्यक्रम ल्याईनेछ ।

३१. भैसिको संख्या दिन प्रतिदिन घटीरहेकाले भैंसि पालन कार्यक्रम सुदृढीकरण गर्न भैंसि स्याहार भत्ता कार्यक्रम संचालनमा ल्याईनेछ ।

३२. पशुपन्छी नश्ल अनुसार,पौष्टिक दाना ,आहाराको व्यवस्था,पशुपन्छी स्वास्थ्य सेवा एंवम उत्पादित पशुजन्य पदार्थको बजारीकरण सहित सबै पक्षलाई समानान्तर रुपमा अगाडी बढाई एकिकृत रुपमा सेवाप्रदान गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

३३. पशु वस्तुभाउमा लाग्ने माहामारी रोगको कारण हुने क्षति र कृषकहरुको लगानिमा हुने जोखिमलाई ध्यानदिदै यसको क्षति न्युनिकरण गर्न नाम्ले तथा अन्य जुकाको औषधीवितरण तथा माहामारी विरुद्धका भ्याक्सिन अभियानका रुपमा सबै वडाहरुमा यसैवर्ष देखी संचालन गरिनेछ ।

३४. पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी भएका व्यवसायका जानकारी प्रचार प्रसारको माध्यम प्रयोग गरि कृषक समक्ष जानकारीमा ल्याउने कार्यक्रम यसै बर्षबाट संचालनमा ल्याइनेछ ।

३५. खरी रोगको कारण भैसिको संख्या क्रमश घट्दै गहिरहेकोले भैसिको संरक्षण गर्न खरि रोग न्युनिकरणको कार्यक्रम संचालन गरिनेछ ।

३६. बाख्रा पालन व्यवसायलाई व्यवस्थित गर्न पकेट क्षेत्र बिस्तार गरि बाख्रा पालन कार्यक्रम संचालनमा ल्याईनेछ ।

३७. प्रत्यके वडाहरुमा पशु स्वास्थ्य सम्बन्धी काम गर्ने प्राविधिकहरुको व्यवस्थापन गरिनेछ ।

३८. आगामी आ.ब.२०७८।७९ श्रावण १ गते देखि लागु हुने गरी राजश्व परामर्श समितिको सिफारिसमा करको दायर फराकिलो बनाईनेछ । र करको दर समयसापेक्ष बनाइनेछ ।

३९. प्रधानमन्त्री रोजगार कार्यक्रम द्वारा संचालन हुने श्रममूलक आयोजनाहरुमा निर्माण सामग्री खरिद गर्न आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।

४०. परम्परागत ब्यबसाय तथा ज्ञान सिपलाई आधुनिकीकरण गरेर रोजगारी बृद्धि गर्न कार्यक्रम ल्याइनेछ ।

४१. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्न प्रशिक्षण तालिम गोष्ठी भ्रमण लगायतका लागि रोजगार सेवा केन्द्रलाई यथोचित बजेट ब्यबस्था गरिनेछ ।

४२. स्थानीय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

४३. गाउँपालिकामा संचालित संघ प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुबाट नै लगाइने ब्यबस्था गरिनेछ ।

४४. कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक सुरक्षासहितको श्रम ब्यबस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

**ख)सामाजिक विकास**

४५. गुणस्तरिय एवं प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि दक्ष जनशक्ति उत्पादन तथा स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

४६. पूर्ण खोप दिगोपना तथा सुनिश्चितता अवस्थालाई कायम राख्दै बालबालिका तथा किशोरवस्थामा हुने कुपोषण न्यूनिकरणका लागि आवश्यक पहल गरिने छ ।

४७. कोभिड १९ को संक्रमण रोकथाम नियन्त्रण तथा उपचार व्यवस्थापनको कार्य लाई निरन्तरता दिदै कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्य स्थानिय तहहरु संग समन्वय तथा सहकार्यको नीति लिइने छ ।

४८. उत्तर प्रसुती अवस्थामा मातृ तथा नव शिशू स्वास्थ्यमा देखिने जटिलता रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

४९. आधारभुत स्वास्थ्य केन्द्रहरुबाट समेत संस्थागत सुत्केरी स्वा संचालन गर्न पूर्वाधार निर्माण तथा सञ्चालनमा रहेका Birthing center हरुको क्षमता विकास गरिनेछ ।

५०. आयुर्वेद चिकित्सा सेवा लाई गाउँपालिकामा थप विस्तार गरिनेछ।

५१. राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम अन्तरगत स्वयमसेविकालाई दिइदै आएको मासिक भत्ता रु.१०००|०० लाई निरन्तरता दिइनेछ ।

५२. आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी एवं पहुच योग्य बनाउन आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइहरुको विस्तार गरिने छ ।

५३. करारमा रहेका स्वास्थ्य कर्मीहरुको सेवा सुविधामा बृद्वी गरिनेछ ।

५४. स्वच्छ, स्वस्थ एवं गुणस्तरिय जिवनयापनमा मदत्त पुग्ने गरि खानेपानी सुरक्षा र सरसफाई कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५५. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन सबै वडाहरुमा स्वास्थ्य संस्था मार्फत हजार दिने आमा र शिशुहरुको लागि पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. अपाङ्गता भएका व्यक्तिहरुको सक्षमताका आधारमा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरि क्षमता विकास गर्ने कार्यक्रम संचालन गरिने छ।

५७. अपाङ्गता भएका व्यक्तिहरुलाई आधुनिक प्रविधिमा पहुच पुर्याई प्राविधिक शिक्षा तर्फ आकर्षित गर्दै लगिनेछ ।

५८. विपद् र जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम हरु सञ्चालन गरिने छ।

५९. गाउँपालिका क्षेत्र भित्र हुने बाल विवाह न्युनिकरण गर्न किशोरीसंग उपाध्यक्ष कार्यक्रम लाइ निरन्तरता दिइनेछ साथै लैगिक हिंसालाइ निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

६०. लक्षित वर्गहरु जस्तै महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्तीहरु, अल्पसंख्यक र जेष्ठ नागरिकहरुलाइ सिप र उद्दमशिलता प्रर्वदन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६१. हाम्रो समाजमा विद्दमान रहेका महिला हिसां, छाउपडी प्रथा र जातिय भेदभाव उन्मुलन गर्न आवस्यक कार्यक्रम सहित सामाजिक रुपान्तरण अभियान संचालन गरिनेछ । साथै एकल महिलाहरुको लागी आयमुलक र सिपमुलक कार्यक्रमहरुको व्यवस्था गर्ने नीती ल्याईनेछ ।

६२. लेकम गाउँपालिका अन्तर्गतका ४ वटै स्वास्थ्य संस्थाहरुमा महिला प्रजनन स्वास्थ्य बारे जनचेतनाका साथै आङ खस्ने समस्या भएका महिलाहरुका लागी रिङ राख्ने व्यवस्था गर्ने नीति लिइनेछ ।

६३. १६ वर्ष मुनिका टुहुरा बालबालिकाहरुलाई दिइदै आएको निर्वाहमुखी भत्ता थप गरी आमा र बुबा दुबै नभएका टुहूरा बालबालिहरुलाई मासिक रु ७५० र आमा र बुबा मध्ये कुनै एक नभएका असहाय टुहूरा बालबालिकाहरुलाई मासिक रु ५०० पुर्याइनेछ ।

६४. छोरा छोरी वा लालनपालन गर्न आफन्त नभएका बृद्व बृद्वाहरुका लागी आश्रय स्थलको रुपमा बृद्वाआश्रम स्थापनाका लागी संघ र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

६५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

६६. प्रत्येक स्थानिय पन्जिकाधिकारीहरु लाई सामाजिक सुरक्षाMIS तालिम सञ्चालन गरिने छ।

६७. जनप्रतिनिधिहरुका लागि सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता सम्बन्धि गोष्ठी संचालन गरिने छ।

६८. आधारभुत तहको शिक्षालाइ गुणस्तरिय बनाउदै कक्षा १२ सम्मको शिक्षामा सबै बालबालिकाहरुको नि:शुल्क पहुँच हुनेछ ।

६९. लेकम गाउँपालिकाका सबै वडाका सामुदायिक विद्यालयहरुमा **EGRP** कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

७०. लेकम गाउँपालिका वडा नम्बर २ र ४ को बिचमा रहेको कैनोडा र वडा न ६ उचाकोटमा निर्माणको अन्तिम चरणमा रहेको टावरमा विद्धुतको पहुँच पुगाएर नेपाल टेलिकम संग आवश्यक पहल गरि लेकम गाउँपालिका भित्र 4G सेवा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

७१. कैनोडा र उचाकोट टावरबाट ईन्टरनेट सेवा विस्तारका लागी नेपाल टेलिकम संग आवश्यक पहल गरि Lease Line ईन्टरनेट सेवा विस्तार हुन वाँकि रहेका वडा न १,२,५ र ६ मा ईन्टरनेट सेवा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

७२. पारदर्शिता र सुशासन कायम गर्ने महत्वपुर्ण शासन विद्धुतिय शासन भएकोले लेकम गाउँपालिका भित्रका सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई ICT तालिमलाई निरन्तरता दिईनेछ र यसका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७३. विद्युतिय तथा ICT को माध्यमबाट गाउँपालिकाको सेवा प्रवाह गर्न दर्ता चलानी व्यवस्थापन प्रणाली,योजना व्यवस्थापन प्रणाली र राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा ल्याइनेछ । र यसका लागी आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।

७४. व्यक्तिगत सूचना प्रणाली (PIS) प्रयोगमा लाई कर्मचारी तथा जनप्रतिनिधिहको अभिलेख व्यवस्थित गरिनेछ । र यसका लागी आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ । व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी,

आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्ने प्रणालीगत सुधारका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

७५. व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरणा प्रणालीलाई पारदर्शी बनाई लाभग्राहीको पहुँच विस्तार गरिनेछ ।

७६. लेकम गाउँपालिका अन्तरगत कार्यरत एम आइ एस अपरेटर र फिल्ड सहायकको लागी एक चौमासिक बराबरको पारिश्रमिकको लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

७७. आम नागरिकको सुचनाको पहुचको लागी BulkSms(बल्क एसएमएस) तथा Group SMS(ग्रुप एसएमएस) सेवा विस्तार गरिनेछ । र यसका लागी आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।

७८. कर बुझाउने प्रकृयालाई सहज सरल र कम झन्झटिलो बनाई कर दाता मैत्री वातावरण निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

७९. गाउँपालिका क्षेत्र भित्र हुने बाल बिबाह तथा किशोराबस्थाको गर्भधारण निरुत्साहित गर्न जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

८०. आधारभुत तह शिक्षाको मुलआधार भएकोले सो तहको शैक्षिक गुणस्तर एव् विकासका लागी बालविकासका नानीहरुको शैक्षिक विकासका लागी सो तहमा शिक्षण सिकाई गर्ने सहजकर्ताहरुलाई समय परिवेश अनुसार गा.पा.को बजेट लाई नजर राखी नेपाल सरकारले दिएको अनुदानमा केहि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

८१. आधारभुत तह कक्षा १-३,१-५ र ६-८ मा शिक्षण गर्ने शिक्षकहरुलाई गत विगत बर्षहरुमा दिदै आएको पारिश्रमिकलाई निरन्तरता दिईनेछ । नेपाल सरकार शिक्षा तथा

मानव स्रोत विकास केन्द्रको शिक्षण सिकाई सहयोग अनुदान(अंग्रेजी,गणित र विज्ञान)विषयका लागी शिक्षण व्यवस्थापन गरिनेछ ।

८२. माध्यमिक तहका निजिरुपमा संचालित विद्यालयहरुमा नेपाल सरकाले दिदै आएको शिक्षण सिकाई सहयोग अनुदान लाई निरन्तरता दिइनेछ । बाँकी निजी स्रोतका मा.वि.हरुलाई गत विगत कै आधारमा त.भ.अनुदान निकासा गरिनेछ । साथै मा.वि./आ.वि.का निजि शिक्षकहरुको वास्तविक तथ्याङ्कको आधारमा तलब भत्ता अनुदान निकासा गरिनेछ ।

८३. कोभिडका कारण विद्यालय शिक्षाबाट बन्चित बालबालिकाहरुलाई सिकाईको पहुँच सम्म पुर्याउन स्थानिय सरकार ,प्रदेश सरकार र संघिय सरकार संग समन्वय गरी सिकाई सहजिकरण गरिइनेछ । निजि स्रोतमा काम गर्ने शिक्षकहरुको खाइपाइ आएको पारिश्रमिक व्यक्तिगत खातामा रकम निकासा गरिनेछ ।

८४. लेकम गाउँपालिकाको शिक्षा ऐन २०७६ का आधारमा शै.स.२०७८ भित्र लेकमको शिक्षा नियमावली २०७८ निर्माण गरी लागू गरिनेछ ।

८५. गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाइपाई आएका निजी शिक्षकहरुको अनुदानमा बृद्वी गरिनेछ । साथै कल्याणकारी कोष स्थापनाका लागी पहल गरिनेछ ।

८६. गाउँपालिकाको एक मात्र स्नातक क्याम्पस लाली लाई गत विगत वर्ष झै अनुदान उपलब्ध गराइनेछ ।

८७. यस गाउँपालिकाले शैक्षिक गुणस्तर सुधारका लागी आ.वि. र मा.ववि. तहका विषयगत शिक्षकहरुको भेलाका लागी कार्यक्रम लागू गरिनेछ ।

८८. आम जनसमुदाय सम्म स्वास्थ्यका सन्देश तथा सुचनाहरु पुरयाई सकारात्मक व्यवहार परिवर्तनका लागी कार्यक्रमहरु उत्पादन तथा विद्धुतिय सुचना प्रणाली मार्फत प्रशासण गर्न आवश्यक पहल गरिनेछ ।

८९. विद्यालयहरुलाई बालमैत्री सिकाईको आधारमा शिक्षण कार्यलाई अगाडी बढाईनेछ ।

९०. लेकम गाउँपालिकाका सम्पुर्ण सामुदायिक विद्यालयहरुको आधारमा शिक्षण सिकाई लाई प्राथमिकता दिई असल शिक्षण अभ्यासहरु लाई प्रोत्साहित गरिनेछ ।

९१. विद्यालयलाई समय सुहाउदो ICT युक्त विद्यालय वातावरणको सृजना गरिनेछ ।

९२. शिक्षा युवा तथा खेलकुद शाखाले बार्षिक कार्यक्रम प्रस्तुत गरि शैक्षिक क्यालेन्डर र बुलेटिन प्रकाशन गरिनेछ ।

९३. २१ औ शताब्दीका बालवालिकाहरुलाई समय सुहाउदो परिवेश अनुसारको प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गरिनेछन।

९४.निजि शिक्षक,विद्यालय कर्मचारी ,बालविकास शिक्षक र परिचरहरुको पद अनुसार सेवा सुविधा बृद्वी गरिनेछ ।

९५. माध्यमिक तहका बालबालिकाहरुको खेल प्रतिको रुचिलाई मध्यनजर राख्दै स्थानिय स्तरिय राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिताका रुपमा **अध्यक्ष कप** लाई निरन्तरता दिईनेछ ।

९६. विदयालय अनुगमन र सुपरिवेक्षणमा जोड दिइनेछ ।

९७. गाउँपालिकाको समृदवीका लागी शिक्षा अभियान अन्तर्गत विविध कार्यक्रमहरु संचालन गरिनेछन ।

९८. शिक्षा युवा तथा खेलकुद शाखालाई व्यवस्थित एवम् सुदृढ गरिनेछ ।

९९. स्थानिय तहले विद्यालयलाई केन्द्र बिन्दु बनाएर शिक्षकको निरन्तर पेशागत बिकास कार्यक्रमहरु कार्यशाला मनिटरिङ,कोचिङ,शिक्षक नेटवर्क जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१००. लेकम गाउँपालिकामा CTEVT द्वारा संचालित प्राविधिक शिक्षालयहरुको व्यवस्थापन तथा सुधार गरिनेछ ।

१०१. लेकम गाउँपालिकाको भौगोलिक बिकटतालाई मध्यनजर ग सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समुदाय ,वैदेशिक रोजगारी गुमाई फर्केका व्यक्तीहरुलाई स्थानिय स्तरमा उपलब्ध स्रोत साधन र सिपमा आधारित उद्यम व्यवसायको माध्यमबाट वेरोजगारी न्यूनिकरण गर्न तथा रोजगारी सृजना गर्न कृषि,पशुपाल,वन,पर्यटन जस्ता व्यवसायको विकास र प्रवर्द्धन गरिने छ।

१०२. बालबालिकाको कक्षा १ पुर्वको ECD अनुभवलाई राष्ट्रले नै आधारभुत पक्षका रुपमा अंगालेको अवस्थामा थप बालविकास केन्द्र स्थापना गरिनेछ ।

१०३. लेकम गाउँपालिका छ वटै वडाहरुमा न्यायिक समिति अन्तरगत मेलमिलाप केन्द्र स्थापनाका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

## ग) भौतिक पुर्वाधार विकास

१०४. विगतका क्रमागत योजनाहरु लाई यसै वर्ष सम्पन्न गर्ने गरि बजेट विनियोजन गरिने छ ।

१०५. **गाउँटोल हराभरा घरघरमा पानी धारा** भन्ने गत आ.व. को नारालाई यस वर्ष समेत निरन्तरता दिईएको छ। खानेपानीको सहज पहुँच नभएका कुणी, कुश्कडा लगायतकोक्षेत्रमा लिफ्टिङ खानेपानी सञ्चालनका लागी उपभोक्ता समिति गठन र बोलपत्र आह्वान समेत भईसकेको छ। साथे उक्त योजना सञ्चालनका लागि यस आ.व. मा समेत केन्द्र सरकारबाट रु ५ करोड विनियोजन गरेकोमा उक्त योजना समयमै सम्पन्न गर्न केन्द्र सरकार सगँ निरन्तर समन्वय र सहकार्य जारी रहने छ।

१०६. केन्द्र र प्रदेश सरकारबाट लेकम गा. पा. भित्र खानेपानी योजनाहरु सञ्चालनका लागि बजेट विनीयोजन भएका लेकम ५ र ६, जेवलपते खा.पा. लगायतका योजनाहरु समयमै कार्यान्वयनमा ल्याउन आवस्यक पहल जारी रहने छ। साथै केन्द्र र प्रदेश सरकारले समेटन नसकेका खानेपानी समस्याग्रस्त क्षेत्रमा यस गा. पा. वाट बजेट विनीयोजन गरिने छ।

१०७. भौतिक संरचनाहरुको निमार्णमा गुणस्तरियता बृद्धि गर्न स्थानीय डकर्मीहरुको दक्षता अभिबृद्धि सम्बन्धीतालीम सञ्चालन गरिने छ ।

१०८. **उज्यालो लेकम सम्बृद्ध लेकम** कार्यक्रम अन्तर्गत गत आ.व. मा यस गा. पा. बाट विनीयोजित वजेट र केन्द्र सरकारबाट विनीयोजित वजेट कार्यान्वयनको चरणमा रहेको र सो वजेटले समेट्न नसकेको वस्तिमा विधुतिकरणका लागि केन्द्र सरकार सगँ समन्वय र सहकार्य गर्दै आगामि आर्थिक वर्ष भित्र प्रत्येक घर घरमा विधुत सेवा पुर्याईने छ। साथै यस यस गाउँपालिकाबाट समेट बजेट बिनियोजन गरिनेछ ।

१०९. हाल गाउँपालीका अन्तर्गत विस्तार भईसकेका सडक सञ्जालहरुको स्तरोन्नती गरिने छ । संघीय सरकारले देशभरिका सवै स्थानीय तहको केन्द्र जोडने सडक कालोपत्रे गर्ने रणनीतिक कार्यक्रम अन्तरगत गोकुले- लाली सडकको सम्झौता भई कार्यान्वयनको चरणमा गएकोमा सोको प्रभावकारी कार्यान्वयनका लागि संघीय सरकार सगँ निरन्तर समन्वय र सहकार्य र गरिने छ । साथै **गाउँगाउँ बस्ती बस्ती मा सडकको** अवधारणलाई निरन्तरता दिईने छ।

११०. यस वर्ष सञ्चालन गरिने योजनाहरु पहिलो चौमासिक भित्रै सम्झौता सम्पन्न गरि योजना कार्यान्वयन लाई प्रभावकारिताका साथ सञ्चालन गरिने छ ।

१११. गाउँपालीकाका विभिन्न क्षेत्र मा विस्तार भईसकेको सडक सञ्जाल मा समय समयमा हुने बाढी पहिरो लगायको अवरोधलाई हटाउन र बाह्रै महिना सडक निरन्तर संचालनका लागी ब्याक हिवलर खरिद गरी संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।

११२. प्राकृतिक स्रोत साधनको अनावश्य दोहनलाई रोकी स्रोत साधनको प्रयोगलाई व्यवस्थीत बनाउन महाकाली, चमेलीया र अन्य नदि खोला नाला लगायतका क्षेत्रहरुमा IEE/EIA गरिने छ ।

११३. सम्भांव्य सिचाई क्षेत्रमा सिचाई सुविधा विस्तारका लागी आवश्यक बजेट विनियोजन गरिने छ ।

११४. खानेपानी मुल दर्ता प्रक्रिया अगाडी बढाउन गाउँपालीकाको जलस्रोत ऐन (कार्यविधि) जारि गरिने छ ।

११५. सामुदायिक भवन निमार्ण हुन नसकेका गाउँ,टोलहरुमा सामुदायीक भवन निमार्णका लागी अवश्यक बजेट विनियोजन गरिने छ ।

११६. गाउँपालीका क्षेत्र भित्रका संभाव्य प्रर्यटकिय स्थलहरुको पहिचान गर्दै आवश्यक पूर्वाधारको निमार्णलाई प्राथमिकताका साथ सञ्चालन गरि आन्तरिक र बाह्य प्रर्यटन प्रवद्र्धन गर्दै स्थानीय आय आर्जन विस्तार गरिने छ ।

११७. भौतिक संरचना निमार्ण सम्बन्धी आचार संहिता निमार्ण गरि गाउँपालीका भित्र निमार्ण गरिने संरचनाहरु लाई व्यवस्थीत गरिने छ ।

११८. प्रत्येक वडाहरुमा वडा स्तरिय खेलकुद मैदान निरन्तरता दिईएको छ  र लेकम गा. पा ३ लालीमा रहेको खेलकुद मैदानलाई स्टेडियमको रुपमा स्तरोन्नति गर्न र लेकम ४ बगौरामा हेलिप्याड सहितको खेलकुद मैदान निर्माण गर्न संघीय सरकार सगँ आवस्यक पहल गरिने छ।

११९. गाउँपालिका अन्तरगत रहेका विभिन्न मठ मन्दीर हरुको सरक्षण, मर्मत संभार गर्दै धार्मिक प्रर्यटन लाई प्रर्वद्धन गरिने छ ।

१२०. खाद्यान्न लगायत कृषि उपजको भण्डारण का लागी प्रत्येक वडाहरुमा  शित भण्डारको स्थापना गरिने छ ।

१२१. विश्वव्यापी उष्णता, जलवायु परिवर्तन बढिरहेको विद्यमान अवस्थामा वृक्षारोपण कार्यक्रम अन्त्गत **एक रुख काट्दा दश रुख रोपौ** अभियान सचांलन गरि नेपाल सरकारले अवलम्बन गरेको कार्वन व्यापारमा समेत टेवा पुग्ने गरि वृक्षारोपण कार्यक्रम लाई स्थानीय समुदायबाटै कार्यान्वयन गरिने छ ।

१२२. खहरे खोला र पहिरो नियन्त्रणको लागी वायो इन्जीनियरिङ र हरित सडक अभियानलाई उच्च् प्राथमिकताका साथ अवलम्बन गरिने छ ।

१२३. भारत सगँ सिमा जोडिएको वडा नं.३ को लालीमा भारत सगँको सहकार्यमा पक्कि मोटरेवल पुलस्थापनागरि छोटी भन्सार कार्यालय वा भन्सार स्थापनाका लागीकेन्द्र सरकार सग आवश्यक पहल गरिने छ । साथै चौलानी बैतडी दार्चुला जोड्ने सेरा पक्की पुल,बैतडी दार्चुला जोड्ने चोचेबगर पक्की पुल स्थापना लागी र झोलुङ्गे पुलको आवश्यकता रहेको ठाउँको पहिचान गरि बजेट बिनियोजनका लागी केन्द्र वा प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

१२४. गोकुलेश्वर लाली सडक खण्ड अन्तर्गतको रिठेगाडमा पक्की मोटरेवल पुल निर्माणका लागी केन्द्र सरकारबाट वजेट विनीयोजन भएकोमा उक्त पुलको समयमै निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार सगँ आवश्यक पहल गरिनेछ ।

१२५. गोकुलेश्वर बजार सँग सिमाना जोडिएको वडा नं.६ र भारत सँग सिमाना जोडिएको वडा नं.३ लाई व्यापारिक नाकाका रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ । वडा नम्बर ५ को चौपातामा १० शैयाको सुविधा सम्पन्न अस्पत्ताल निर्माणका लागी बोलपत्र आह्वान भई कार्यान्वय चरणमा रहेकोमा उक्त संरचना समयमै निर्माणका सम्पन्न गर्न आवस्यक पहल गरिने छ।

१२६. गाउँपालिका भित्र उत्पादन हुने स्थानिय स्रोत साधन जस्तै चिउरीको साबुन,सालका पातको टपरि,बाँसका डोकाडाला लगायतका क्षेत्रमा लघु उद्यम विकास एवम विस्तारको लागी स्थानिय समुदाय एवम उद्ध्यमीहरु संग समन्वय एवम सहकार्य गरिनेछ ।

१२७. आवास बिहिन बादी समुदायहरुको आवास निर्माणको लागि गत आ.व. मा विनीयोजित वजेट कार्यान्वयन चरणमा रहेको । उक्त कार्यक्रमलाई आगामि वर्ष पनि निरन्तरता दिईने छ।

१२८. बम्नेत देखि श्रीपुर जाडाकोट लिफ्ट खा.पा.र सरेत चन्नोला लिफ्ट खा.पा.का लागी सम्बन्धित निकायलाई पहल गर्ने नीती लिएको छ ।

## घ) वन, वातावरण र विपद व्यवस्थापन

१२९. भुक्षय र पहिरोको जोखिम नियन्त्रण तथा घरेलु परम्परागत उद्योगको संचालनका लागी बाँस तथा निगालो रोपणमा विशेष प्राथमिकता दिईनेछ ।

१३०. बिश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाईरस कोभिड १९ को बढ्दो सङ्क्रमणको जोखिम न्युनिकरण तथा नियन्त्रणको लागीआवश्यक व्यवस्था गरिनेछ ।

१३१. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक/निजि वन, सार्वजनिक स्थलहरुको संरक्षण सम्वर्दन गर्न र पर्यावरणीय सन्तुलन कायम गर्न बन उपभोक्ता समितिहरुलाई सकृय गरि वृक्षारोपण सहित आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

१३२. जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासका क्रियाकलापहरु सन्चालन गरिनेछ ।

१३३. वित्तिय सुशासन कायम राख्न तेश्रो पक्षबाट सार्वजनिक सुनुवाइलाइ निरन्तरता दिइनेछ ।

१३४. गाउँपालिकाबाट दिइने सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाइनुका साथै भ्रष्ट्राचारसम्बन्धी शुन्य सहनशिलताको निति अबलम्बन गरिनेछ ।

१३५. यस गा. पा. मा कार्यरत कर्मचारीहरुको मनोवललाई उच्च राखि गाउँपालिकाको सेवा प्रवाहको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सुदुरपश्चिम प्रदेश सरकारले प्रदेश सरकार मातहतका राष्ट्रसेवक कर्मचारी हरुलाई प्रदान गर्ने प्रोत्साहन भत्ता लाई लेकम गाउँपालिकाले पनि लागु गर्ने छ।

१३६. लेकम गाउँपालिकाभरिका करार कर्मचारीहरुलाई पोषाक भत्ता प्रदान गरिनेछ ।

१३७. लेकम गाउँपालिका कार्यालय अन्तरगतका करारमा कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्तामा एकरुपता ल्याईनेछ ।

१३८. प्रत्येक वडाहरुमा रहेका सामाजिक परिचालकहरु लाई गत वर्ष झै निरन्तरता दिइनेछ ।

१३९. गाउँपालिका भित्र रहेका सुरक्षा निकायहरुको भौतिक पुर्वाधार निर्माण लगायत संस्थागत क्षमता अभिबृद्वीका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

१४०. आयोजनाको दिगोपनाका लागि गाउँपालिका र वडास्तरिय अनुगमन मुल्यांकन समितिलाइ थप प्रभावकारी बनाइदै लगिनेछ ।

१४१. सुचनाको हक प्रत्याभुति दिन तथा सुचना संप्रेषण गर्न सन्चार माध्यमहरुको पहुच अभिवृदी हुने कृयाकलापहरु सन्चालनमा जोड दिइनेछ ।

१४२. आर्थिक नियन्त्रण प्रणालिलाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाई चौमासिक रुपमा आ.ले.प.प्रतिवेदन अनिवार्य गरि लागु गरिनेछ ।

१४३. सेवा प्रवाह लाई चुस्त दुरुस्त र पारदर्शी बनाउन लेकम गाउँपालिका अन्तर्गतका सम्पुर्ण कार्यालयहरुमा नागरिक बडापत्र अनिवार्य रुपमा राखिनेछ ।

सम्पुर्ण गाउँसभा सदस्य एवम कर्मचारी मित्रहरु

अब म यस सम्मानित सभामा आ.ब.२०७८।७९ को लागि संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदानको बारेमा जानकारी गराउन चाहन्छु ।

**संघिय सरकारबाट प्राप्त अनुदान**

मुल्य अभिकृद्वी कर २,९५,४४,५००।००(दुई करोड पन्चानब्बे लाख चवालिस हजार पाच सय ।)

अन्तशुल्क २,९५,४४,५००।००(दुई करोड पन्चानब्बे लाख चवालिस हजार पाच सय ।)

वित्तीय समानिकरण तर्फ १०,८४,००,०००।००(दश करोड चौरासी लाख ।)

सशर्त अनुदान चालु तर्फ १९,०४,००,०००।००(उनाइस करोड चार लाख ।)

सशर्त अनुदान पुजिगत तर्फ १,७०,००,०००।००(एक करोड सत्री लाख ।)

**सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान**

वित्तिय समानिकरण तर्फ ७८,५९,०००।००(अठहत्तर लाख उन्साठी हजार ।)

सवारी साधन कर तर्फ ७,७४,०००।००(सात लाख चौहत्तर हजार ।)

प्रदेश विशेष अनुदान तर्फ ५०,००,०००।००(पचास लाख मात्र ।)

प्रदेश समपुरक अनुदान तर्फ १५,६४,०००।००(पन्ध्र लाख चौसट्ठी हजार मात्र ।)

**जम्मा रकम रु.३९,००,८६,०००।००** (उन्चालिस करोड छयासी हजार रुपैया ।)

**योजनाहरु प्राथमिकिकरण छनौटका आधार तथा मापदण्डहरु तय गरिएको छ ।**

क) आर्थिक विकास र गरिबी न्युनिकरणमा प्रत्यक्ष योगदान पुर्याउने

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने

ग) राजश्व परिचालनमा योगदान दिने

घ) स्थानिय श्रोत साधनमा आधारित भइ सहभागिता अभिवृदि गर्ने

ङ) लैङ्गिक समानता सामाजिक समावेशिकरणको अभिवृदी गर्ने

च) स्थानिय संस्कृती र पहिचान प्रवर्दन गर्ने

छ) दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने

ज) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने लेकम गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, मातहतका कर्मचारीहरु, विभिन्न राजनितिक दलका पदाधिकारीहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु, सम्पुर्ण अग्रज व्यक्तित्त्व, समाजसेवी,बुद्विजिवी र यस गाउँपालिकामा रहनु भएका

सबै आमाबुवा,दिदि बहिनी तथा दाजुभाइहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यस गाउँपालिकाको विकासमा सहयोग पुर्याउने आम नागरिक, करदाता र सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

विभिन्न समस्या र चुनौतीहरुका बाबजुत बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिबद्द र एकताबद्द बनौ साथै लेकम गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशाबादी बनौ ।

**धन्यबाद ।**